# सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
# Surya Life Insurance Company Limited

SURYA LIFE

चार्टर टावर, चौथो तल्ला, सानो गौचरण, ज्ञानेश्वर, काठमाडौं
फोन नं.: ०१-४४२३७४३, फ्याक्स नं.: ०१-४४१९५६५
E-mail: info@suryalife.com, Web: www.suryalife.com


## बाह्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०९/०८ गते)

यस कम्पनीको मिति २०७७/०९/०७ गते मंगलबार (तदनुसार २२ डिसेम्बर २०२०) बसेको संचालक समितिको २८०औं बैठकको निर्णयानुसार कम्पनीको बाह्रौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति : २०७७।१०।०५ गते सोमबार (तदनुसार १८ जनवरी २०२१)**
**स्थान : होटल हैरिसन प्यालेस, बजरंगबली मार्ग, बिराटनगर ।**
**समय : बिहान ११:०० बजे ।**

(विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को जोखिमको कारण नेपाल सरकारको निर्देशन बमोजिमको सिमाभित्र रहि वार्षिक साधारण सभा संचालन गर्नुपर्ने अवस्थालाई मध्येनजर गरी शेयरधनीहरुको सहभागिताको लागि विद्युतिय (भर्चुअल) माध्यमबाट पनि उपस्थित गराउने व्यवस्था गरिएको छ ।)

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावः**

१) अध्यक्षज्यूको मन्तब्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७६/०७७ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. २,१५,५१,३७,६००।- को ५.५२६ प्रतिशतका दरले हुने रकम रु ११,९०,९९,७११।- (अक्षरेपी एघार करोड नब्बे लाख उन्नानसय हजार सात सय एघारमात्र) (बोनस शेयरमा लाग्ने कर सहित) बराबरको नगद लाभाँस स्विकृत गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१) कम्पनीको चुक्ता पूँजी २,१५,५१,३७,६००।- (अक्षरेपी दुई अर्ब पन्ध्र करोड एकाउन्न लाख सैंतीस हजार छ सयमात्र)को ५ प्रतिशतका दरले हुने रकम १०,७७,५६,९००।- (अक्षरेपी दश करोड सत्तर लाख छपन्न हजार नौ सयमात्र) बराबरको शेयर लाभाँस (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभाँस (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलब पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने ।
२) शेयर लाभाँस (बोनस शेयर) वितरण पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई सोही अनुरुप वृद्धि गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
३) संस्थापक समूह अन्तर्गत ७० प्रतिशत र सर्वसाधारण समूह अन्तर्गत ३० प्रतिशत रहेको शेयर संरचनालाई परिणत गरी संस्थापक समूह अन्तर्गत ६० प्रतिशत र सर्वसाधारण समूह अन्तर्गत ४० प्रतिशत कायम हुने गरी शेयर संरचना परिवर्तन गर्ने ।
४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संसोधन एवं स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
५) बीमकको संस्थागत सुशासन निर्देशिका बमोजिम विभिन्न समिति तथा उपसमितिहरुलाई प्रदान गरिएको बैठक भत्ताको अनुमोदन गर्ने ।
६) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आ.व. २०७५।७६ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।

**ग) विविध :**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) कम्पनीको शेयर दाखिल खारेज यही मिति २०७७/०९/१७ गतेदेखि मिति २०७७/०९/२४ गतेसम्म बन्द रहने छ । शेयर दाखिला खारेज बन्द गरिएको मितिभन्दा अगावै २०७६/०९/१६ गते पूरा दिनसम्म नेपाल स्टक एक्स्चेन्ज लि.मा कारोवार भई सो को ७ दिनभित्र दाखिल खारेजको लागि शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त विवरणको आधारमा शेयरधनीको रेकर्ड कायम गरिने छ ।
२) सभामा विद्युतिय माध्यमबाट सहभागी हुन चाहने शेयरधनी महानुभावहरुले BOID तथा आफ्नो नाम सहितको विवरण दिई विद्युतिय (भर्चुअल) माध्यमबाट सभामा उपस्थितीको लागि Meeting ID र Password प्राप्त गर्न सकिने छ ।
३) सभा हुने दिन सभामा सहभागीताका लागि सभा संचालन अवधिसम्मको लागि खुल्ला रहने छ ।
४) सकभर कम्पनीलाई उपलब्ध ठेगानामा शेयरधनी माहनुभावहरुलाई वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । कुनै कारणबश उक्त पुस्तिका नपाएमा कम्पनीको कर्पोरेट कार्यालयबाट तथा एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त गर्न सकिने छ ।
५) प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधी-पत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट अफिसमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्ने छ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।
६) नाबालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउनेछन् ।
७) एक शेयरधनीले एकभन्दा बढी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता प्रोक्सी मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ ।
८) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिमात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।
९) सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा सहभागी हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।
१०) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
११) छलफलका विषय/सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई छलफलको विषय लिखित रुपमा पेश गर्नु पर्नेछ ।
१२) थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

तपाईको भविष्य, हाम्रो अभिभारा